# स्थानीय शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७९

## स्वीकृत मितिः २०७९।०४।३१

## (पहिलो संशोधन) २०८३/०४/२५

**प्रस्तावनाः** सामुदायिक आधारभूत तथा माद्यामिक विद्यालयमा विषयगत शिक्षकको उपलब्धतामा बृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने उद्देश्यले शिक्षा क्षेत्र विकास कार्यक्रमले लक्षित गरे अनुसार स्थानीय शिक्षण सिकाइ अनुदान वितरण तथा शिक्षक व्यवस्थापनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले भूमे गाउँपालिकाको शिक्षा ऐन,२०७४ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी भूमे गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेकोछ ।

### परिच्छेद - एक

१ **प्रारम्भिकः** संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम " भूमे गाउँपालिकाको स्थानीय शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि,२०७९" रहेको छ ।

२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२ **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अनुमति" भन्नाले भूमे शिक्षा ऐन,२०७४ तथा नियमावली,२०७४ अनुसार तोकिएको निकायले दिएको स्वीकृति वा अनुमति समझ्नु पर्दछ।साथै सो शब्दले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार स्थानीय तहले दिएको अनुमतिलाई समेत जनाउँछ

ख) "ऐन" भन्नाले भूमे शिक्षा ऐन,२०७४ सम्झनु पर्छ ।

ग) "शाखा" भन्नाले भूमे गाउँ पालिका,गाउँकार्यपालिका अन्तरगत रहेको शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनु पर्दछ ।

घ) "दरबन्दी" भन्नाले संघीय सरकारबाट विद्यालयलाई प्राप्त स्वीकृत शिक्षक दरबन्दी जनाउँछ र सो शब्दले राहत अनुदान कोटालाई समेत जनाउँछ ।

ङ) "नियमावली" भन्नाले भूमे शिक्षा नियमावली,२०७४ सम्झनु पर्दछ ।

च) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्मा सञ्चालन भएको विद्यालय सम्झनु पर्दछ र सो शब्दले प्रारम्भिक बाल शिक्षा देखि कक्षा ३, प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ समेतलाई जनाउँछ ।

छ) "माद्यामिक विद्यालय " भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा १२ सम्म सञ्चालन भएको विद्यालय सम्झनु पर्दछ र सो शब्दले प्रारम्भिक बाल शिक्षा देखि कक्षा १० सम्मा सञ्चालन भएको विद्यालयलाई समेत जनाउँछ ।

भूमे गाउँपालिकाको कार्यालय रुकुम पूर्व

ज) "शिक्षण सिकाइ अनुदान" भन्नाले आधारभूत तथा माद्यामिक तहमा शिक्षक अभावलाई कम गर्नका लागि प्रति शिक्षकका दरले वार्षिक एकमुष्ठ रुपमा विद्यालयलाई दिइने शसर्त अनुदान सम्झनु पर्दछ ।

झ) समिति" भन्नाले भूमे गाउँपालिका स्तरीय भूमे शिक्षा ऐन,२०७४ तथा नियमावली,२०७४ को परिच्छेद -४ नियम २४ अनुरुप गठित गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

ञ) "गाउँकार्यपालिका"भन्नाले भूमे गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद-दुई

## विद्यालय छनौट तथा शिक्षण सिकाइ अनुदान वितरण

३. **विद्यालय छनौटका अधारहरुः** शिक्षण सिकाइ अनुदान वितरणका लागि विद्यालय छनौटका आधारहरु देहायबमोजिम हुनेछनः

**क)** नियमावलीले तोके अनुसारको तहगत शिक्षक दरबन्दी नभएको हुनु पर्ने ।

**ख)** नियमावलीले तोक अनुसार आधारभूत तहको कक्षा ३,५, र ८ र माद्यामिक तहको ९ र १० मा न्यूनतम् विद्यार्थी संख्या पुगेको हुनुपर्ने ।

**ग)** अघिल्लो शैक्षिक शत्रसम्म विद्यार्थीको तहगत सिकाइ उपलब्धी न्यून्तम ६०% हुनु पर्ने ।

**घ)** नियमावली अनुसार शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिको गठन भएको हुनु पर्ने ।

**ङ)** विद्यालयले नियमित नियमानुसार समाजिक परीक्षण गरेको हुनुपर्ने ।

**च)** विद्यालयले अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण गरेको हुनु पर्ने ।

**छ)** विद्यालयले शिक्षक तथा विद्यार्थीले पालना गर्नु पर्ने अचारसंहिता निर्माण गरी लागू गरेको हुनु पर्ने ।विद्यालयले नियमित विद्यालय सुधार योजना नियमानुसार अध्यावधिक गरी लागू

**ज)** गरेको हुनु पर्ने ।

**झ)** विद्यालयले नियमित रुपमा तोकिएको समय भित्र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली अध्यावधिक गरेको हुनु पर्ने ।

४ **विद्यालय छनौट प्रक्रियाः** (१) भूमे गाउँ शिक्षा समितिले स्वीकृत शिक्षण सिकाइ अनुदान दरबन्दी भित्र रही आफ्नो क्षेत्रभित्र रहेको आधारभूत तथा माद्यामिक विद्यालयहरु मध्येबाट दफा ३ को आधारमा विद्यालयको सूचि तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको सूची तयार गर्दा नियमावलीले तोके अनुसारको शिक्षक दरबन्दी संख्या नपुग विद्यालयहरुमध्ये शिक्षक विद्यार्थी अनुपात र भगौलिक अवस्थाका आधारमा प्राथमिकताक्रम तोकी तयार गर्नु पर्ने हुन्छ ।

(३) समितिले स्वीकृत शिक्षण अनुदानको संख्यानुसार उपदफा (२) बमोजिम तयार भएको प्राथमिकता सूचीको अधारमा विद्यालय छनौट गर्नु पर्दछ ।

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पूर्व

(४) उपदफा (३) बमोजिम विद्यालय छनौट गर्दा  विद्यार्थी सङ्ख्या अनुसार शिक्षक दरबन्दी  नभएको विद्यालयलाई छनौट गर्नु पर्नेछ ।

५ **शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेः (१)** स्वीकृत बजेटको परीधिभित्र रही  विद्यालयमा शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ ।

**(२)** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दरबन्दी मिलान तथा वितरण कार्यबाट नियमावलीमा तोकिएको  सङ्ख्यमा शिक्षक दरबन्दी पूर्ति भएको विद्यालयमा शिक्षण सिकाइ अनुदान उपलब्ध गराईने छैन । तर नियमावलीमा तोकिएको संख्या भन्दा कम शिक्षक दरबन्दी भए बाँकी शिक्षण सिकाइ अनुदान संख्या बराबरको अनुदान उपलब्ध गराउन बाधा पुग्ने छैन ।

६ **शिक्षण सिकाइ अनुदान वितरणः (१)** समितिले स्वीकृत शिक्षण सिकाइ अनुदानको आधारमा नियमावली अनुसार तहगत शिक्षक दरबन्दी संख्या शून्य भएका विद्यालयलाई बढीमा  तीन वटासम्म,कुनै एक दरबन्दी भएका विद्यालयलाई २ वटासम्म र कुनै दुई दरबन्दी भएका विद्यालयलाई  १ वटासम्म शिक्षण अनुदान बराबरको रकम उपलब्ध गराउन सकिनेछ ।

**(२)** उपदफा (१) अनुसार शिक्षण सिकाइ अनुदान वितरण गर्दा समेत कोटा बाँकी भएमा सोही तहगत विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दी नपूग भएका विद्यालयहरुलाई प्राथमिकताका आधारमा उपलब्ध गराउन सकिनेछ ।

**(३)** उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएता पनि संघीय शिक्षण सिकाइ अनुदान प्राप्त विद्यालयहरुलाई आवश्यक्ताका अधारमा बढीमा १ वटासम्म शिक्षण सिकाइ अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेदः तीन

## <u>शिक्षक नियुक्ति र सेवा शर्त सम्बन्धी व्यवस्था</u>

७. **शिक्षक भर्ना सम्बन्धी व्यवस्थाः** विद्यालयले उपलब्ध शिक्षण सिकाइ अनुदानमा शिक्षण सेवा करारमा लिदा देहाय अनुसार गर्नु पर्नेछ ।

क) सम्बन्धित तहका विषयगत शिक्षक दोहोरो नपर्ने गरी  प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधी तथा  प्रक्रियको आधारमा गर्नुपर्छ ।

ख) छनौट भएका शिक्षकलाई विद्यालयले  अनुसूची-३ बमोजिमको ढाँचामा बढीमा एक शैक्षिक वर्षका लागि करार सम्झोता गर्न सकिनेछ।

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पूर्व

ग) विद्यालयमा आगामी शैक्षिक वर्षहरुका लागि शिक्षण सिकाइ अनुदान कोटा प्राप्त हुने सुनिश्चतता भएको अवस्थामा मात्र विद्यालय व्यवस्थापन समितिले अनुसूची-५ बमोजिमको शिक्षण कार्यसम्पादन मूल्याङ्कनका अधारमा यसै कार्यविधि अनुरुप शिक्षण सेवा करारमा लिइएको शिक्षकको प्राथमिकता दिई न्यूनतम् ७० प्रतिशत अंक प्राप्त गर्ने शिक्षकलाई पुनः शिक्षण सेवा करार गर्न सक्नेछ ।

८. **शिक्षकको सेवा शर्त सुविधाः** यस कार्यविधि अनुसार शिक्षण सिकाइ अनुदान कोटामा छनौट भएका शिक्षकले देहाय अनुसारको सुविधा पाउनेछन् ।

क) आधारभूत (प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५) तहको शिक्षण सिकाइ अनुदानमा छनौट भएको शिक्षकले मासिक रु.२३,०००।- करार समझौता बमोजिमको पारिश्रमिक सुविधा।

ख) आधारभत (प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८) तहको शिक्षण अनुदानमा छनौट भएको शिक्षकले मासिक रु.२५,०००।-करार समझौता बमोजिमको पारिश्रमिक सुविधा ।

ग) माद्यामिक तहको शिक्षण अनुदानमा छनौट भएको शिक्षकले मासिक रु.२८,०००।-करार समझौता बमोजिम पारिश्रमिक सुविधा ।

घ) कार्यविधि बमोजिमको करार सेवा दिने शिक्षकले भूमे सरकारकले राजपत्रमा प्रकाशित गरेको सार्वजनिक बिदा बाहेक भूमे शिक्षा नियमावलीमा तोकिए अनुसारको भैपरी बिदा, पर्व बिदा,किरिया बिदा,प्रसुति बिदा र प्रसुति स्याहार बिदा मात्र पाउनेछ । बिदा अधिकार नभई सहुलियत मात्र हुने ।

ङ) यस कार्यविधि अनुसार नियुक्ति भएको शिक्षकले सेवा करारमा उल्लेखित भन्दा थप सुविधा दाबी गर्न पाउने छैन ।

९. **करार समझौता रद्द हुनेः** (१) देहायको अवस्था भएमा विद्यालयले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार समझौता रद्द गर्न सक्नेछ ।

क) सूचना लगातार १५ पन्ध्र दिन भन्दा बढी विद्याल यमा अनुउपस्थित भएमा ,

ख) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा,

ग) विद्यालयले तोकेको अन्य कार्य सन्तोषजनक रुपले नगरेमा

घ) अचारसंहिताको पालना नगरेमा ।

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पूर्व

(२) उपदफा (१) बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई प्रचलित कानून अनुसार मनासिब माफिकको मौका नदिई सेवाबाट हटाउन पाइने छैन ।

## परिच्छेद - चार

## विभिन्न निकायको भूमिका

१०. **गाउँ शिक्षा समितिः** सिकाइ सिकाइ अनुदान लागि विद्यालय छनौट तथा अनुदान वितरणमा समिति भूमिका देहायबमोजिम हुनेछ ।

क) शिक्षण सिकाइ अनुदान कोटाका लागि प्राप्त बजेटको परिधिभित्र रही तहगत कोटा निर्धारण गर्ने,

ख) दफा ४ अनुसार विद्यालयहरुको प्राथमिकताक्रमको सूची बमोजिम विद्यालय छनौट गर्ने,

११. **शिक्षा,युवा तथा खेलकुद शाखाः** शिक्षण सिकाइ अनुदान लागि विद्यालय छनौट तथा अनुदान वितरणमा शिक्षा,यूवा तथा खेलकुद शाखाको भूमिका देहायबमोजिम हुनेछ ।

क) तोकिएको अधार बमोजिम शिक्षण सिकाइ अनुदान प्राप्त गर्ने विद्यालयको विवरण गाउँ शिक्षा समितिमा छनौटका लागि पेश गर्ने,

ख) शिक्षण सिकाइ अनुदान कोटामा शिक्षक भर्ना गर्नका लागि विद्यालयलाई पत्राचार गर्ने र आवश्यक सहयोग उपलब्ध गराउने,

ग) विद्यालयलाई शिक्षण सिकाइ अनुदान कोटामा शिक्षक भर्नाको लागि प्राबिधिक सहयोग उपलब्ध गराउने,

घ) छनौटमा परेका विद्यालयलाई शिक्षण सिकाइअनुदान कोटा अनुसार एकमुष्ट रकम निकासाका लागि सिफारिस गर्ने ,

ङ) शिक्षण सिकाइ सुधारका लागि विद्यालय सँग समन्वय गर्ने,

च) शिक्षण सिकाइ अनुदान व्यवस्थापन सम्बन्धमा भए गरेका कारबाहीको विषयमा समितिलाई जानकारी गराउने ,

छ) छनौट तथा भर्ना भएका शिक्षकहरुको अभिलेख तयार गरी राख्ने,

ज) अवश्यक्तानुसार अन्य कार्यहरु गर्ने/गराउने ।

१२. **विद्यालय व्यवस्थापन समितिः** शिक्षण सिकाइ अनुदान लागि विद्यालय छनौट तथा व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका देहायबमोजिम हुनेछः

क) प्रचलित कानुन बमोजिम शिक्षण सेवा करारमा लिने,

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रूकुम पूर्व

ख) छनौट भएका शिक्षकको काम कारवाहीको बारेमा समय-समयमा अनुगमन गर्ने तथा कार्यसम्पादन मूल्याङ्कन गर्ने,

ग) शिक्षण सिकाइ अनुदान व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारवाहीको विषयमा शिक्षा,युवा तथा खेलकुद शाखालाई जानकारी पठाउने,

घ) शिक्षण सहयोग अनुदानको सम्बन्धमा आवश्यक सहयोग,अनुगमन र सहजीकरण गर्ने,

ङ) आवश्यकतानुसार अन्य कार्यहरु गर्ने/गराउने ।

**१३. विद्यालयको भूमिकाः** शिक्षण सिकाइ अनुदान लागि विद्यालय छनौटमा विद्यालयको भूमिका देहायबमोजिम हुनेछः

क) प्रचलित नियमावली अनुसार शिक्षक नियूक्तिको व्यवस्था मिलाउने,

ख) छनौट भएका शिक्षकको करार समझौता गर्ने,

ग) करार समझौतामा उल्लेख भए अनुसारको सुविधा उपलब्ध गराउने,

घ) शिक्षा,यूवा तथा खेलकुद शाखाले दिएको निर्देशानुसार गर्ने/गराउने ।

## परिच्छेद-पाँच

## विविध

१४. थप सुविधा उपलब्ध गराउन सकिनेः यस कार्यविधि अनुसार भर्ना तथा छनौट भएको शिक्षकलाई विद्यालयले आफ्नै श्रोतबाट थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

१५. कार्यविधिको व्याख्या गर्न सक्नेः कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा अस्पष्टता सिर्जना भएमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा हुनेछ ।

१६. प्रचलित कानुन बमोजिम हुनेःयस कार्यविधिमा लेखिएका विषयहरु यसै कार्यविधि अनुसार हुने छन् र यसमा उल्लेख नभएको विषयहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

१७. संशोधनः यस कार्यविधिलाई समयनुकुल परिवर्तन, परिमार्जन वा शंसोधन गर्नु परेमा गाउँकार्यपालिकाले गर्न सक्नेछ।

भुमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पूर्व

## अनुसूची -१

## शिक्षण सिकाइ अनुदान संख्या निर्धारण तथा प्राथमिकीकरणका अधार

| क्र.सं. | प्राथमिकिरणका सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | अंक दिने अधार | |
|---|---|---|---|---|---|
| १ | कक्षागत विद्यार्थी संख्या(३,५,८,९ र १०) | २० | | क) न्यूनतम् भए १० अंक,<br>ख) १०%ले बढि भएमा १५ अंक र<br>ग) २०% भन्दा बढी भएमा २० अंक | |
| २ | विद्यालय व्यवस्थापन | १० | | क) विद्यालय व्यवस्थापन समिति र परिचालन | ५ |
| | | | | ख) शिक्षक अभिभावक संघ गठन र परिचालन | ३ |
| | | | | ग) बालकल्बको गठन तथा परिचालन | २ |
| ३ | विद्यालयको वार्षिक शैक्षिक योजना | १५ | | क) वार्षिक कार्ययोजनाको निर्माण तथा कार्यन्वयन | १० |
| | | | | ख) वार्षिक शैक्षणिक योजनाको निर्माण तथा कार्यन्वयन | १० |
| ४ | विद्यालय सुधार योजना | १० | | क) विद्यालय सुधार योजनाको निर्माण र वार्षिक अद्यावधिकरण | ५ |
| | | | | ख) विद्यालय सुधार योजनाका अधारमा वार्षिक विद्यालय कार्य योजनाको निर्माण र कार्यन्वयन | ५ |
| ५ | तहगत सिकाइ उपलब्धि | १५ | | क) न्यूनतम् ६०% भए | १० |
| | | | | ख) ६०%--८०% भए | १३ |
| | | | | ग) ८०% भन्दा बढी भए | १५ |
| ६ | सुशासन र पारदर्शिता | १० | | क) नियमित रुपमा सामाजिक परीक्षण गरि प्रतिवेदन बुझाएमा | ५ |
| | | | | ख) नियमित रुपमा लेखा परिक्षण गरी प्रतिवेदन बुझाएमा | ३ |
| | | | | ग) विद्यार्थी,शिक्षक आचारसंहित निर्माण र प्रयोग | २ |
| ७ | न्यूनतम् सिकाइ वातावरण(विद्यालय सुपरिवेक्षकले अंक प्रदान गर्ने) | १० | | क) पाठ्यक्रमले निर्धारित गरेका उद्देश्य पुरा हुने गरी अतिरिक्त क्रियाक्लापको सञ्चालन | ५ |
| | | | | ख) शैक्षिक समाग्रीको उपलब्धता र प्रयोग | ३ |
| | | | | ग) लैङगिक मैत्री र बालमैत्री | २ |

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पूर्व

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वातावरणको विकास | |
| ८ | विद्यालय विपद जोखिम न्यूनिकरण र व्यवस्थपन योजना | १० | | क) विद्यालय विपद जोखिम न्यूनिकरण र व्यवस्थपन योजनाको निर्माण र प्रतिवेदन बुझाएमा | १० |
| ९ | जम्मा | १०० | | | |

**नोटः विद्यालयले यस अनुसूची बमोजिमको मूल्याङ्कन गर्दा न्यूनतम् ५०% अंक प्राप्त गर्नु पर्नेछ ।**

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पूर्व

## अनुसूची- २

### विज्ञापनको ढाँचा

**विज्ञापन आव्हान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित सूचना २०...../..../......**

विद्यालय व्यवस्थापन समितिको बैठकको मिति २०..../...../..... को निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको शिक्षण सिकाई अनुदानकोटामा स्थानीय शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि,२०७९ बमोजिम गर्न देहाय बमोजिमका पद/तह र संख्यामा सेवा गर्न इच्छुक व्यक्तिहरूलाई आवेदन आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएका सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल:</u>

| विज्ञापन नं. | पद/तह | तह | विषय | संख्या | न्यूनतम शैक्षिक योग्यता | आवेदन दस्तुर |
|---|---|---|---|---|---|---|
| ..... | .... | ..... | .... | ..... | ....... | ....... |

१. **आवेदन दिने स्थान:(विद्यालयको नाम र ठेगाना)** ।

२. **आवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरू:** व्यक्तिगत विवरण, शैक्षिक योग्यताका प्रतिलिपी, चारित्रिक प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणित प्रतिलिपी, (सबै कागजातको प्रतिलिपी पछाडिपट्टि उम्मेदवार स्वयंले हस्ताक्षर गरेको हुनुपर्ने) ।

३. **दरखास्त दस्तुर बुझाउने स्थान:** विद्यालयमा तिरेको नगदी रसिद वा सिटिजन इन्टरनेशनल बैंक लि. भूमे शाखा स्थित खाता नं. (.....) (विद्यालयको नाम.) मा रकम जम्मा गरेको सक्कलै भौचर कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. **दरखास्त फाराम:** विद्यालयको वेबसाईट www.bhumemun.gov.np वा विद्यालयबाट प्राप्त गर्न सकिने छ ।

५. **दरखास्त दिने अन्तिम मिति:** २०.../..../.... गते कार्यालय समयभित्र ।

६. **उमेर:** आधारभूत तहको लागि १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र माध्यामिक तहको लगि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

७. **सुविधा: स्थानीय शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि,** २०७९ बमोजिम ।

८. **छनौटको किसिम:** लिखित परिक्षा र अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक ।

९. **थप जानकारी:- विद्यालयको सम्पर्क नं. तथा विद्यालयको web site……………..**

| | |
|---|---|
| वि.व्य.स.अध्यक्ष | प्रधानाधापक |
| नाम:- | नाम:- |
| पद:- | पद:- |
| दस्तखत:- | दस्तखत:- |

## अनुसूची- -३

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पूर्व

## करार सम्झौताको ढाँचा

**श्री..................... विद्यालय तथा अनुदान शिक्षक श्री ...................बीच भएको करारनामा**

**श्री...........................विद्यालय रुकुम (पूर्व)** (यसपछि पहिलो पक्ष भनिएको) ...,...., **निवासी श्री ...........** (यसपछि दोस्रो पक्ष भनिएको) बीच देहायका शर्तहरुको अधीनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझी लियौं दियौं ।

१. **जिम्मेवारीः** दोस्रो पक्षले पहिलो पक्षको आवश्यकतानुसार खटाएको स्थान र समयमा अनुदान शिक्षकको रुपमा कार्यरत भई काम गर्नु पर्ने छ ।

२. **काम गर्नुपर्ने स्थान र समयः** सार्वजनिक बिदाको दिन बाहेक अन्य दिनहरुमा भूमे गाउँपालिका वडा नं. .... **श्री ..............विद्यालय भूमे-......, ........ रुकुम (पूर्व)मा** प्रध्यानाध्यापकको मातहतमा रही खटाइएको स्थानमा तोकिएको जिम्मेवारी निर्वाह गर्नुपर्नेछ।

३. **सम्झौता अवधिः** करार सेवा अवधि मिति ............. गतेबाट लागू भई .............. सम्म कायम रहनेछ। दोस्रो पक्षले शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवा उपलब्ध गराउन असमर्थ भएमा वा कार्यसम्पादन सन्तोषजनक नभएमा वा पालन गर्नुपर्ने आचारणहरु पालना नगरेमा सम्झौता तुरुन्त रद्ध गरिनेछ । यस्तो अवस्थामा सम्झौताको बुँदा नं. ८ आकर्षित हुने छैन।

४. **पारिश्रमिकः** यस करारनामा बमोजिम सेवा प्रदान गरेवापत कार्यालयबाट हाजिरी प्रमाणित भएपछि पहिलो पक्षले दोस्रो पक्षलाई आधारभूत (प्राम्भिक बालशिक्षा देखी कक्षा ५) / आधारभूत (प्राम्भिक बालशिक्षा देखी कक्षा ८) / माध्यमिक तहको पारिश्रमिक रु. ................./- (अक्षरुपी...............) मासिक रुपमा प्रदान गर्नेछ। सम्झौतामा उल्लेख भएभन्दा बढी रकमको दावी दोस्रो पक्षले गर्न पाउने छैन ।

५. **आचरणः** दोस्रो पक्षले सेवा सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएका आचरण सम्बन्धी कुराहरु पालना गर्नुपर्नेछ । कानून बमोजिम गोप्य राख्नुपर्ने गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्ति वा संस्थालाई उपलब्ध गराएको प्रमाणित भएमा सेवाबाट हटाई क्षतिपूर्ति दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ । दोस्रो पक्षले विद्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ।

६. **थप सेवा सुविधाः** दोस्रो पक्षले मासिक रुपमा सार्वजनिक विदाको दिनबाहेक रुजु हाजिरको आधारमा वर्ष भरीमा भूमेको स्थानीय शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७९ को परिच्छेद-३ को दफा ८ (घ) मा उल्लेखित विदा पाउनेछ । सो कार्यविधिमा उल्लेख भए बमोजिमको भन्दा बढी विदा लिएमा पारिश्रमिकबाट कट्टा गरिनेछ ।

भूमे गाउँपालिकाको कार्यालय रुकुम पूर्व

७. **समझदारीः** प्रथम पक्ष र दोस्रो पक्षबीच यस सम्झौतासँग सम्बन्धित विषयमा विवाद उत्पन्न भएमा आपसी सहमतिद्वारा विवाद समाधान गरिनेछ।

८. **सम्झौता भङ्गः** सम्झौता भङ्ग गर्नु परेमा पहिलो पक्षले कम्तीमा ७ दिन र दोस्रो पक्षले कम्तीमा १ महिना अगाडि लिखित रुपमा सूचना दिनुपर्नेछ।

**पहिलो पक्ष**

नामः

ठेगानाः

हस्ताक्षरः

**दोस्रो पक्ष**

नाम,थरः

पदः प्रधानाध्यापक

हस्ताक्षरः

कार्यालयः श्री .......................विद्यालय रुकुम (पूर्व)

**मितिः ................**

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पूर्व

अनुसूची-४

नियूक्तिको ढाँचा

प. सं.: (नियुक्ति)

च.नं.: मितिः..............

विषयः नियूक्ति ।

श्री................

...................

तपाईलाई यस विद्यालयको विज्ञानपन नं......../......आधारभूत तथा माद्यामिक अनुदान करार शिक्षक/पदको लागि शिक्षक छनौट समितिको मिति........को सिफारिस तथा विद्यालय व्यवस्थापन समितिको मिति .........को निर्णयानुसार देहायको पदमा नियुक्त गरिएको छ। प्रधानाध्यापकको अधिनमा रहि कार्यविवरणमा तोकिएको र आश्यकतानुसार थप जिम्मेवारी समेत प्रभावकारी रुपमा निर्वाह गर्नुहोला ।

**अनुदान करार शिक्षक पदका लागि सिफारिश भई नियुक्त हुनुभएकोमा हार्दिक बधाई छ ।**

| | |
|---|---|
| **पदः** | अनुदान करार शिक्षक |
| **तह** | आधारभूत / माध्यमिक |
| **विषय** | ............. |
| **पारिश्रमिकः** | करार सम्झौतामा उल्लेख भए अनुसार । |

हस्ताक्षरः

नाम.............................

पदः प्रधानाध्यपाक

**बोधार्थः**

श्री भूमे गाउँपालिका,शिक्षा,युवा तथा खेलकुद शाखा,खाबाङबगर रुकुम पूर्व ।

श्री ....................वडा कार्यालय भूमे गाउँपालिका रुकुम पूर्व ।

भूमे गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय रुकुम पूर्व

## अनुसूची-५

## कार्यसम्पादन मूल्याङ्कन फारम ढाँचा

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अंकदिने आधारहरु | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | अतिउत्तम (१०) | उत्तम(६) | समान्य(४) | न्युन(२) | प्राप्ताङ्क | |
| १ | अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीको प्राप्त गरेको उपल्बधी | १० | | | | | | ७०% वा सोभन्दा माथी = अतिउत्तम,<br>६०%-६९ = उत्तम<br>५०%-५९% = समान्य<br>५०% भन्दा कम = न्यून |
| २ | शिषण पेशा प्रति निष्ठा, लगनशिलता र आचारसंहिताको पालना | १० | | | | | | ३ वटै सूचक पुरा भएमा अतिउत्तम कुनै दुई भएमा उत्तम , कुनै एक भएमा समान्य कुनै पनि सूचकमा सन्तुष्टी नभए न्यून |
| ३ | शिक्षक कार्य संग सम्बन्धित अनुसुन्धान | १० | | | | | | अतिउत्तम=४ वटा<br>उत्तम=३<br>समान्य=२<br>नयून=१ |
| ४ | विद्यालयको शैक्षिक गुणस्तर प्रति देखाउने तदारुपता, उत्तरदायीत्व बहन र | १० | | | | | | ३ वटै सूचक पुरा भएमा अतिउत्तम कुनै दुई भएमा उत्तम , कुनै एक भएमा समान्य कुनै पनि सूचकमा सन्तुष्टी नभए नयून |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जिम्मेवारी बोध | | | | | | | |
| ५ | विषय वस्तुको ज्ञान | १० | | | | | | |
| ६ | अध्यापन विधि र सीपको प्रयोग | १० | | | | | | |
| ७ | कक्षा व्यवस्थापन र सञ्चालन | १० | | | | | | |
| ८ | शैक्षिक समाग्री संकलन, निर्माण र प्रयोग | १० | | | | | | ३ वटै सूचक पुरा भएमा अतिउत्तम कुनै दुई भएमा उत्तम , कुनै एक भएमा समान्य कुनै पनि सूचकमा सन्तुष्टी नभए नयून |
| ९ | विशेष जिम्मेवारी बहन | १० | | | | | | |
| १० | अतिरिक्त क्रियाकलाप प्रति सक्रियाता एवं संलग्नता | १० | | | | | | |
| **जम्मा** | | १०० | | | | | | |